मितिः २०८२/०३/०३
समयः दिनको २:०० बजे

आज मिति २०८२ साल आषाढ महिनाको ०३ गते मङ्गलबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको अडतिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिवहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

<u>आमन्त्रित उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, श्री वीर वहादुर खड्का | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, श्री मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर आठौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ६. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ७. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र वोहरा | |
| ८. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ९. | प्रशासन शाखा | प्रा.स. श्री रामवावु वस्नेत | |
| १० | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०३/०३ गतेको अडतिसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१:- पन्धौं नगरसभा सम्वन्धमा ।

१.१:- आ.व.०८२/०८३ को नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गरी पन्धौं नगरसभामा पारितका लागि पेश गर्ने निर्णय गरियो ।

१.२:- आ.ब. ०८२/०८३ को आर्थिक विध्येयकमाथी छलफल गरी पन्धौं नगरसभामा पारितका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२:- विविध सम्बन्धमा ।

२.१:- आ.ब.०८१/०८२ को वडा नं.२ को वडास्तरीय आर्थिक विकास तर्फको क्र.स.२ प्लम्बिङ तालिम आधारभुत सामाग्री हस्तान्तरण सहितं शिर्षकको विनियोजित रु.४,००,०००/- र वडा स्तरीय पूर्वाधिकार विकास तर्फको क्र.स.९ को सुमन भण्डारीको घरदेखि पधेरो जाने बाटोमा सिडी निर्माण शिर्षकको विनियोजित रु.६,००,०००/- गरी जम्मा रु.१०,००,०००/- रकम रकमान्तर एवं संशोधन गरी वडा नं.२ को वडा स्तरीय विपद व्यवस्थापनमा रु.१०,००,०००/- कायम गरी विपद् व्यवस्थापनका कार्य गर्ने निर्णय गरियो ।

२.२:- गोकर्णेश्वर नगरपालिका वडा नं.२ वस्ने शर्मिला नेपाललाई टाउकोको क्यान्सर सम्बन्धी रोगको उपचारका लागि आ.ब. ०८१/०८२ को नगरस्तरीय स्वास्थ्य तर्फको असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट खर्च लेखिने गरी रु.५०,०००/- उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२.३:- ४.५:- आ.ब.०८१/०८२ को १३औं नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमबाट स्वीकृत योजना मिति २०८२ साल वैशाख मसान्त भित्र सम्ममा सम्झौता गरिसक्नु पर्ने साथै पूर्व म्याद तोकिएको एवं म्याद थप भएको योजनामा सोही बमोजिम र अन्यको हकमा २०८२ जेष्ठ मसान्त भित्र योजनाको फरफारक गरी नगरपालिकाको कार्यालयमा भुक्तानीका लागि पेश गरिसक्नु पर्नेछ भनी नगरपालिकाका सबै शाखाहरु र वडा कार्यालयहरुलाई परिपत्र गर्ने भनी ३५ औं कार्यपालिका बैठकबाट निर्णय भएको भएता पनी भाषा धर्म संस्कृति तथा पर्यटन शिर्षक अन्तरगतको क्र.स. १६ र १८ का कार्यक्रम तथा योजना गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट रकम |
|---|---|---|
| १ | वडा नं.५, अर्घौतेश्वर महादेव मन्दिर संचालन व्यवस्थापन/ नित्य पुजा | रु.३,००,०००/- |
| २ | वडा नं.५, विन्दवासिनी मन्दिर संचालन व्यवस्थापन/ नित्य पुजा | रु.३,००,०००/- |



Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०३/०३ गतेको अडतिसौं कार्यपालिका बैठकको निर्णय*

२.४:- आ.ब.०८१/०८२ को नगरस्तरीय भुक्तानी दायित्व चालू ( नेपाल सरकार सम्मानिकरण अनुदान,, राजस्व बाँडफाँड प्रदेस सरकार ) बाट खर्च लेखिने अपुग रहेको घर भाडा तथा गाडी भाडा रु.३८,५५,०००/- भुक्तानी गर्ने निर्णय गरियो ।

२.५:-वडा नं.५ को आ.ब.०८१/०८२ को वडास्तरीय पूर्वाधार विकासको क्र.स. १६ को हनुमान वाटिका पाटी तथा सटर निर्माण शिर्षकमा रहेको रु.७,००,०००/- संशोधन गरी हनुमान बाटिका र बागमती किनार गार्डेनमा सिंचाई गर्न बोरिङ तथा पाइप लाइनको व्यवस्था गर्ने निर्णय गरियो ।

२.६:- गोकर्णेश्वर नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ३ को उपदफा २ बमोजिम का.म.न.पा. वडा नं.३, बाँसबारी काठमाडौंमा संचालन भएको द चाँदबाग स्कुल अव उप्रान्त गोकर्णेश्वर नगरपालिका वडा नं.६ नारायणटार काठमाडौंमा स्थानान्तरण भई संचालन गर्न अनुमती माग भई आएको सन्दर्भमा उक्त विद्यालयले आवश्यक पूर्वाधार पुरा गरेको देखिएको हुँदा नगर शिक्षा समितिको मिति २०८२/०२/२६ गतेको सिफारिस निर्णय बमोजिम उक्त विद्यालयलाई माग बमोजिम स्थानान्तरण भई प्रचलित शिक्षा ऐन,२०२८ (संशोधन सहित), प्रचलित शिक्षा नियमावली,२०५९ (संशोधन सहित), गोकर्णेश्वर नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९ र गोकर्णेश्वर नगरपालिका भित्र संचालन हुने/खोल्ने विद्यालयको अनुमती वा स्वीकृति, कक्षा थप, विद्यालयको नामाकरण, विद्यालय सर्ने, गाभ्ने, नाम परिवर्तन गर्ने स्वामित्व परिवर्तन गर्ने वा बन्द गर्ने सम्बन्धि कार्यविधि,२०७४ को परिच्छेद ३ बुँदा २(१) ख बमोजिम तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम शैक्षिक सत्र २०८२ देखि कम्पनि ऐन अनुसार अनुमति प्राप्त कक्षा गोकर्णेश्वर नगरपालिका वडा नं.६ नारायणटार काठमाडौंमा स्थानान्तरण गरी नियमानुसार संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

२.७:- गोकर्णेश्वर नगरपालिका वडा नं.५ स्थित नयाँ जिवन नेपालमा आश्रय लिई बस्दै आएका अटिजम सम्वन्धि अपाङ्गता भएका वालक घरको दुई तलामाथिबाट खसेर न्युरो हस्पटलमा अपरेसन तथा औषधोउपचार भई रहेको भनी नयाँ जिवन नेपाल संस्थाले उपचार सहयोग माग गरेकोले आ.ब. ०८१/०८२ को नगरस्तरीय स्वास्थ्य तर्फको असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट खर्च लेखिने गरी रु.५०,०००/- उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२.८:- आ.ब.०८१/०८२ को वडा नं.१ वडास्तरीय सामाजिक विकास तर्फको क्र.स.१ को वडा नं.१ भित्र आई पर्ने विपद व्यवस्थापनको लागि वडा अध्यक्षको सिफारिसमा कार्यक्रममा विनियोजित रु.१०,००,०००/-बाट खर्च लेखिने गरी वडा नं.१ स्थित राक्से खोलामा जिर्ण अवस्थामा रहेको कुलो मर्मत तथा स्तरोन्नती गर्न रु.२,७५,०००/- विनियोजन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

२.९:- आ.ब.०८१/०८२ को नगरस्तरीय भुक्तानी दायित्व पूँजिगत ( नेपाल सरकार सम्मानिकरण अनुदान, राजस्व बाँडफाँड प्रदेस सरकार र राजस्व बाँडफाँड स्थनीय ) बाट खर्च लेखिने गरी देहाय वमोजिमका योजना कार्यक्रम संचालन तथा भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.स. | योजना तथा कार्यक्रम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.४ किसिगाल ईन्द्र श्रेष्ठको घरदेखि सुर्य थापाको घरसम्म ढल | रु१२,००,०००/- | |
| २ | श्री कृष्ण प्रणामी सेवा समिति नेपाल, कागेश्वरी मनोहरा न.पा.आलापोटको सांमुदायिक भवन | रु.५,००,०००/- | |
| ३ | वडा नं.३ झ्यापे नगरकोटीको घरको पहिरो रोकथाम वाल निर्माण | रु.५,००,०००/- | |
| ४ | वडा नं.१ खड्कागाउँ कृष्ण तामाङको घर नजिक पहिरो रोकथाप वाल निर्माण | रु.४,००,०००/- | |

२.१०:- गोकर्णेश्वर नगरपालिका कृषि विकास शाखामा कार्यरत सहायक वाली संरक्षंण अधिकृत ईन्द्र कुमारी खड्का र सहयायक कृषि प्रसार अधिकृत अनुजा चापागाईले अध्ययनको लागि अनुमती मागको निवेदन पेश गरे अनुसार राष्ट्रिय परिक्षा वोर्ड अन्तरगत Technical and Vocational stream plant scince विषयमा कक्षा ११ र १२ मा आ.ब.०८१/०८२ देखि ०८२/०८३ सम्मको २ वर्षे कोर्षको लागि विहान तथा वेलुकाको सत्रमा सरकारी कामकाजलाई असर नपर्ने गरी निजामति सेवा नियमावली २०५०को नियम १२७ को उपनियम १ बमोजिम कृषि विकास शाखामा कार्यरत सहायक वाली संरक्षण अधिकृत ईन्द्र कुमारी खड्का र सहयायक कृषि प्रसार अधिकृत अनुजा चापागाईलाई ओखलढुङ्गा जिल्ला सुनकोशी गाउँपालिकामा अवस्थित श्री प्रवुद्द माध्यामिक विध्यालयमा विहान तथा वेलुकी सत्रमा अनलाइन माध्यमबाट अध्ययन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

२.११:- गोकर्णेश्वर नगरपालिका वडा नं. ८ माकलबारी पारी जाने मोटरेबल डबल ट्रयाक पुल निर्माण कार्यको विषयमा मिति २०८१/०९/२९ को एघारौं कार्यपालिकाको निर्णय, मिति २०८१/०९/२९ गतेको चौधौं नगरसभाको निर्णय नं. ६.६ बमोजिम भेरियसन समितिको निर्णय बमोजिम ठेक्का सम्झौताको ३०.६७% बराबरको रकम भेरिएसन हुने निर्णय बमोजिम कार्य अगाडी बढेकोमा पुलको एउटा स्पानको काम सकिएतापनि वर्षातको कारण पुलको अर्को स्पानको आर.सि.सी. स्ल्याब गराउन हाललाई वर्षात/ वाग्मती नदीमा बाढीको जोखिम देखीएकोले तत्काल कार्य गर्न नसक्ने अवस्था देखीएकोले निर्माण व्यावसायिको मिति २०८२/०२/०५ को निवेदन, संसोधित कार्यतालिका बमोजिम सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली २०६४ (संसोधन समेत) को १२०(क) बमोजिम निर्माण व्यवसायिबाट प्राप्त संसोधित कार्यतालिका पेश भएको साथै माथि उल्लेखित कारणहरूले गर्दा संसोधित कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्ने गरि उक्त ठेक्काको म्याद थपका कारण आर्थिक दायित्व थप नहुने गरि २०८२/०९/३० गतेसम्म म्याद लागि निर्णय गरियो।

२.१२:- गोकर्णेश्वर नगरपालिका अन्तर्गत आ.व. ८१/८२ को योजना कार्यक्रम अन्तर्गत स्यानीटरी प्याड खरिद ठेक्का नं. GOMUN/NCB/GOODS/081-82/04 लागि मिति २०८२/०१/२३ मा बोलपत्र आह्वान भई मिति २०८२/०२/२२ मा वोलपत्र खोलिएकोमा जम्मा ७ जना वोलपत्रदाताहरूवाट बोलपत्र पेश भएको थियो। र सोको मुल्याङ्कन समितिबाट मुल्याङ्कन गर्ने क्रममा ७ वटै वोलपत्रदाताहरू प्रारम्भिक परिक्षणमा सफल पाईएको र जसमध्ये २ वटा सफल बोलपत्रदाताहरूको समान न्युनतम कबोल अंक पाईएको र सो सम्वन्धमा सार्वजानिक खरिद ऐन २०६३ दफा २५ बमोजिम न्युनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने व्यवस्था भएकोले दुवै बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही भएको पाईएको हुनाले एउटा बोलप्त्रदाता छनौट गर्ने दुविधा भएको सो परिस्थितिमा कानुनमा स्पष्टता समेत नदेखिएको र पुनः ठेक्का गर्दा लाग्ने समय तथा ठेक्का आह्वानका बखत यस कार्यलयबाट सुचना/मसलन्द लगायतका विषयमा हुने खर्च साथै यस नगरपालिकाबाट सामुदायिक विद्यालयमा स्यानिटरी प्याड वितरण गर्ने उदेश्यका साथ बोलपत्र आह्वान भएको हुनाले यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा तत्काल भएका स्यानिटरी प्याडको अभाव र मागको कारणले सम्भव भएसम्म तुरुन्तै खरिद गरि सामान वितरण गर्न अति आवश्यक रहेकोले बोलपत्र मुल्याङ्कन समितिको सिफारिस समेतका आधारमा पुनः ठेक्का प्रकृयामा नगई यसै ठेक्का आह्वान गर्दा पेस भएको बोलपत्रदाताबाट योग्य र न्युनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही बोलपत्रदाता छनौटको लागि दुवै बोलपत्रदाताहरूलाई उपस्थिति गराई गोलप्रथाद्वारा बोलप्रत्रदाता छनौट गरी यस ठेक्काको बाँकी प्रकृया अगाडी बढाउने निर्णय गरियो।



Scanned with CamScanner

### गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०३/०३ गतेको अडतिसौं कार्यपालिका बैठकको निर्णय

२.१३ः- गोकर्णेश्वर नगरपालिका वडा नं.६ स्थित रहेको बुद्द ऐकेडमी आवासिय विद्यालयको समस्या समाधानार्थ पुनः गठित कार्यदलबाट यथाशिघ्र प्रतिवेदन माग गरी प्रतिवेदनको अध्ययन पश्चात आगामी कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो ।

२.१४ः-नेपाल पर्यटन बोर्डबाट स्वीकृत कार्यक्रम राष्ट्रिय शहिद पार्क जगडोल काठमाडौं ब्राण्डिङ रु.१०,००,०००/- को योजना कार्यक्रमका लागि नगरपालिका बाट हुनु सहभागिता बापत पर्ने २०% रकम नगरपालिकाले सहभागीता जनाउने निर्णय गरियो ।

२.१५ः-आ.ब.०८१/०८२ को योजना तथा कार्यक्रमहरुमा भुक्तानी दिन बाँकी आन्तरिक तर्फका योजना तथा कार्यक्रमको लागि आन्तरिक श्रोतमा रकम अभाव भएकोले भुक्तानी गर्न नसकिएकोले आन्तरीक तर्फका योजना तथा कार्यक्रम (चालु र पुजिगत) को भुक्तानीका लागि भुक्तानी दायित्व पुँजिगत तर्फबाटको स्थानीय राजस्व बाँडफाँड बाट रु.७,००,००,०००/- (रु सात करोड) भुक्तानी दायित्व पुँजिगत राजस्व बाँडफाड प्रदेश सरकार ६० लाख र भुक्तानी दायित्व पुँजिगत नेपाल सरकार सम्मानीकरण अनुदानबाट ४० लाख बजेट खर्च लेख्ने निर्णय गरियो ।

२.१६ः-जिल्ला समन्वय समिति, काठमाडबाट योजना बापत प्राप्त रकम र.१७४६४१६/- बाट खर्च लेखिने गरी वडा नं.५ अर्घौतेश्वर बुद्द एकेडेमी मुलबाटो ढल निर्माण रु.८,५०,०००/- र वडा नं.१ महाँकाल रहेको मेलम्ची खानेपानी आयोजनाको पास आउट देखि सुन्दरीजल खोला सम्म पाइप विच्छयाउन रु.८,००,०००/- भुक्तानी गर्ने निर्णय गरियो ।

२.१४ः-गोकर्णेश्वर नगरपालिकाको आफ्नो आधिंकारीक लोगो प्रस्ताव गरियको मध्यमा देहाय बमोजिमको लोगो स्वीकृत गरी प्रयोगमा ल्याउने निर्णय गरियो ।

२.१५:- गोकर्णेश्वर नगरपालिका कार्यालयको आ.व.०८०/०८१ को म.ले.प. प्रतिवेदन अनुसार कायम रहेको नियमित वेरुजुहरु लेखा समितिबाट पेश भए बमोजिम देहायका नियमित वेरुजुहरु नगरसभामा फछ्यौंटका लागि पेश गर्ने निर्णय गरियो ।

| सि. न. | आ.व | वेरुजु दफा | फर्छ्यौट गो. भौ.नं. | वेरुजु रकम | वेरुजुको व्यहोरा | फछ्यौंटको व्यहोरा | फर्छ्यौट रकम | फछ्यौंट गर्ने जिम्मेवार व्यक्तिको नाम दर्जा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०८०/८१ | १५.३ | | ३,२४,०४,८०४/- | दरबन्दि भन्दा बढी कर्मचारी पदस्थापना गरी तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको । | सरकारी हानी नोक्सानी नभएको र कार्यालय संचालनका लागि अत्यावश्क भएकाले पदस्थापना गरी तलव भत्ता भुक्तानी गरिएको । | ३,२४,०४,८०४/- | यामनारायण गौली |
| २. | ०८०/८१ | १५.४ | | १,१६,४२,२८०/- | दरबन्दि बेगर कर्मचारी पदस्थापना गरी तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको । | सरकारी हानी नोक्सानी नभएको र कार्यालय संचालनका लागि अत्यावश्क भएकाले पदस्थापना गरी तलब भत्ता | १,१६,४२,२८०/- | यामनारायण गौली |



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०३/०३ गतेको अडतिसौं कार्यपालिका वैठकको निर्णय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भुक्तानी गरिएको । | | |
| ३. | ०८०/८१ | ३६ | | ११,१५,२४१/- | पालिकाको आफ्नो क्षेत्राधिकार बाहिरका संघिय सरकारका निकायमा खर्च लेखेको नियमसंगत नदेखिएको । | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने । | ११,१५,२४१/- | यामनारायण गौली |
| ४. | ०८०/८१ | ३८ | | १४,३६,५००/- | कानुन विपरित अनुगमन भत्ता भुक्तानी गरेको अनियमित देखिएको । | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने । | १४,३६,५००/- | यामनारायण गौली |
| ५. | ०८०/८१ | ४१ | | ३,०५,९७०/- | खानेपानी विभागले तोकेको weight chart Ratio को न्यूनतम अंक भन्दा बढी कायम गरी भुक्तानी गरेकाले नियम सम्मत नदेखिएंको । | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने । | ३,०५,९७०/- | यामनारायण गौली |
| ६. | ०८०/८१ | ५० | | १,५२,९७३/- | उपचार खर्चको रकम पालिकाको आन्तरिक संचित कोषबाट भुक्तानी गर्नुपर्नेमा संघिय संचित कोषबाट भुक्तानी गरेकोले नियमसम्वत नदेखिएको । | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने। | १,५२,९७३/- | यामनारायण गौली |
| ७. | ०८०/८१ | ५२ | | १,३०,९००/- | अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका,२०७७ बमोजिम वास्तविक सहभागिहरु लाई मात्र भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयका शाखाका कर्मचारीहरु | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने। | १,३०,९००/- | यामनारायण गौली |



Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | समेत सहभागी भएको भनी भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको। | | | |
| ८. | ०८०/८१ | ५९.४ | | ६,५०,०००/- | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्विकृत कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०/०८१ अनुसार भिमदेवि आ.वि लाई पाठ्यपुस्तक स्थापनाको लागि अनुदना निकासा गरेकोमा विद्यालले पुस्तक खरिद नगरि अन्य जिन्सि सामाग्रिमा खरिद गरेकोमा जिन्सी दाखिला गरेकोले प्रमाण पेशनगरेकोले सो प्रमाण पेश गर्नुपर्ने साथैउक्त खर्च नियमसम्मत नदेखिएको। | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने । | ६,५०,०००/- | यामनारायण गौली |
| ९. | ०८०/८१ | ६४ | | ८,७५,४५२/- | उद्दम विकास सहजकर्ता परिचालनका लागि २४देखि ३३ प्रतिशत खर्च गर्नुपर्ने व्यवस्था छ पालिकाले प्राप्त शसर्त अनुदानको ७२.९५ प्रतिशत तलब भत्ताम खर्च गर्नु अनियमित देखिएको। | सरकारी हानी नोक्सानी नभएको र नियमानुसार गरिने । | ८,७५,४५२/- | यामनारायण गौली |
| १० | ०८०/८१ | ७ | | ६०,३८,२०१/- | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व एन अनुसार आफ्नो कार्यालय तथा मातहत | सरकारी हानी नोक्सानी नभएको र | ६०,३८,२०१/- | यामनारायण गौली |